# भाग ४

नेपाल सरकार

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना

नेपाल सरकारले स्थानीय तहको सङ्ख्या, सिमाना तथा वडा सङ्ख्या सम्बन्धमा मिति २०७४।०४।३१ मा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

१. गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या, सिमाना तथा वडाको सङ्ख्या पुनरावलोकन गर्ने सम्बन्धमा खण्ड ६७ सङ्ख्या ७ मिति २०७४।०२।११ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना मध्ये प्रदेश नं. २ को हकमा उक्त सूचनामा उल्लिखित व्यवस्था कार्यान्वियन गर्ने र अन्य प्रदेशको हकमा सो सूचनाको व्यहोरा खारेज गरी ती प्रदेशहरुमा गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या, सीमाना तथा वडाको सङ्ख्या खण्ड ६६ सङ्ख्या ५८ मिति २०७३।११।२७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना बमोजिम कायम गर्ने,

२. सप्तरी जिल्लाको विष्णुपुर गाउँपालिकाको वडा नं. ५ बाट साविकको बोरिया गाउँ विकास समितिको वडा नं. ३, ४, ५, ६ र ७ लाई झिकी राजविराज नगरपालिकामा समावेश गरी सो नगरपालिकाको वडा नं. १६ कायम गर्ने,

३. महानगरपालिका घोषणा गर्ने सम्बन्धी खण्ड ६७ सङ्ख्या ९ मिति २०७४/०२/१८ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाको व्यहोरा मध्ये विरगञ्ज महानगरपालिका सम्बन्धी व्यवस्था खारेज गरी सो महानगरपालिकाको हकमा खण्ड ६७ सङ्ख्या ७ मिति २०७४/०२/११ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना बमोजिम वडा सङ्ख्या र सिमाना कायम गर्ने।

आज्ञाले,
दिनेशकुमार थपलिया
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, जेठ १८ गते, २०७४ साल (संख्या ९

## भाग ४

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना

नेपाल सरकारले विराटनगर उपमहानगरपालिका र बीरगञ्ज उपमहानगरपालिकाको विद्यमान वडा सङ्ख्या तथा सिमानामा कुनै हेरफेर नहुने गरी उक्त उपमहानगरपालिकाहरुलाई महानगरपालिका घोषणा गरेकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,<br>
दिनेशकुमार थपलिया<br>
नेपाल सरकारको सचिव

## नेपाल सरकार

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना

नेपालको संविधानको अनुसूची-४ अनुसार नवलपरासी जिल्ला प्रदेश नम्बर ४ र ५ तथा रुकुम जिल्ला प्रदेश नम्बर ५ र ६ मा परेको सन्दर्भमा प्रदेश नम्बर ४, ५ र ६ मा रहने नवलपरासी र रुकुम जिल्लाका गाउँपालिका र नगरपालिकाको बारेमा स्पष्ट गर्न नेपाल सरकारले देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ:-

(क) नवलपरासी जिल्लाको विनयी गाउँपालिकाको नाम विनयीत्रिवेणी गाउँपालिका कायम गर्ने, त्रिवेणी सुस्ता गाउँपालिकाको वडा नं ६ र ७ लाई विनयीत्रिवेणी गाउँपालिकाको क्रमश: वडा नं ६ र ७ कायम गरी विनयीत्रिवेणी गाउँपालिकाको जम्मा वडा संख्या ७ कायम गर्ने र त्रिवेणी सुस्ता गाउँपालिकाको नाम सुस्ता गाउँपालिका कायम गरी जम्मा वडा संख्या ५ कायम गर्ने,

(ख) नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिका, देवचुली नगरपालिका, कावासोती नगरपालिका, मध्यविन्दु नगरपालिका, बुलिङटार गाउँपालिका, बुङ्दीकाली गाउँपालिका, विनयीत्रिवेणी गाउँपालिका र हुप्सेकोट गाउँपालिकालाई स्थानीय तहको निर्वाचनमा पहिलो चरण र बाँकी गाउँपालिका तथा नगरपालिकालाई दोश्रो चरणमा समावेश गर्ने,

(ग) रुकुम जिल्लाका मुसिकोट नगरपालिका, चौरजहारी नगरपालिका, आठविसकोट नगरपालिका, सानीभेरी गाउँपालिका, त्रिवेणी गाउँपालिका र बाफिकोट गाउँपालिकालाई स्थानीय तहको निर्वाचनमा पहिलो चरणमा र बाँकी गाउँपालिकालाई दोश्रो चरणमा समावेश गर्ने।

आज्ञाले,
दिनेश कुमार थपलिया
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

| | | | |
|---|---|---|---|
| | | Bioprocess Technology) | |
| २. | International University of Japan, GraduateSchool of International Relations | Master of Arts in Economics | नेपाल कृषि सेवा, एगृ.इको. एण्ड मार्केटिङ्ग समूह |
| ३. | China Research Institute of Food and Fermentation Industries, China | **Training:** Training Course on Food Safety Inspection Technology for Developing Countries | नेपाल कृषि सेवा, खा.पो.गु.नि. समूह |

आज्ञाले,
डा.सुरोज पोखरेल
नेपाल सरकारको सचिव

नेपाल सरकार

## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको
## भूलसुधार सम्बन्धी सूचना

खण्ड ६६ संख्या ५८ मिति २०७३।११।२७ गते नेपाल राजपत्र भाग-४ मा प्रकाशित यस मन्त्रालयको सूचनामा ७४४ वटा गाउँपालिका तथा नगरपालिका मध्ये केही गाउँपालिका तथा नगरपालिकाको नाम, केन्द्र र वडाहरुको विभाजन गर्दा अन्यथा हुन गएको, कतिपय वडाहरु दोहोरिएको तथा कतिपय वडाहरु छुट भएको देखिएको हुँदा ती विषयहरु सच्याई नेपाल राजपत्रमा देहाय बमोजिम भूलसुधारको सूचना प्रकाशित गर्ने गरी नेपाल सरकार, मन्त्रि परिषद्बाट मिति २०७४।०१।०३ मा निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) इलाम जिल्लाको हालको देउमाई नगरपालिकाको वडा नं २ मा साविक चमैता गाविसको वडा नं ८ हुनु पर्नेमा हालको फाकफोकथुम गाउँपालिकाको वडा नं ६ मा समावेश भएकोले साविक चमैता गाविसको वडा नं ८ लाई हालको देउमाई नगरपालिकाको वडा नं २ मा समावेश गरी हालको फाकफोकथुम

गाउँपालिकाको वडा नं ६ बाट साविक चमैता गाविसको वडा नं ८ लाई हटाउने,

(ख) सप्तरी जिल्लाको हालको खडक नगरपालिकाको वडा नं ३ र ८ मा साविक पन्सेरा गा.वि.स.को वडा नं. ८ र ९ दोहोरिन गएकोले हालको खडक नगरपालिकाको वडा नं ८ बाट साविक पन्सेरा गाविसको वडा नं ८ र ९ हटाई हालको खडक नगरपालिकाको वडा नं ३ मा कायम गर्ने,

(ग) सप्तरी जिल्लाको हालको बिष्णुपुर गाउँपालिकाको वडा नं ५ मा साविक बोरिया गाविसको वडा नं १-४ उल्लेख भै वडा नं ५-९ छुटेकोले हालको बिष्णुपुर गाउँपालिकाको वडा नं ५ मा साविक बोरिया गाविसको वडा नं १-९ कायम गर्ने,

(घ) सप्तरी जिल्लाको हालको कन्चनरुप नगरपालिकामा साविक कन्चनरुप नगरपालिकाको वडा नं ११ लाई समावेश गर्न छुट भएकोले हालको कन्चनरुप नगरपालिकाको वडा नं १३ कायम गर्ने,

(ङ) सप्तरी जिल्लाको हालको सप्तकोशी नगरपालिकाको नाम सप्तकोशी गाउँपालिका हुन गएकोले "नगरपालिकाको नाम: सप्तकोशी नगरपालिका" कायम गर्ने,

(च) सर्लाही जिल्लाको हालको हरिपुर नगरपालिकाको वडा नं. १ मा साविक पिपरिया गाविसको वडा नं. २, ३, ४, ९ उल्लेख भएको र वडा नं. २ मा समेत वडा नं १-५,८ उल्लेख भएकोले साविक पिपरिया गाविसको वडा नं. २, ३, ४ दोहोरिएको र साविक पिपरिया गाविसको वडा नं ६ र ७ छुटेको हुँदा हालको हरिपुर नगरपालिकाको वडा नं. २ मा साविक पिपरिया गाविसको वडा नं. १, ५-८ कायम गर्ने,

(छ) सर्लाही जिल्लाको हालको चक्रघट्टा गाउँपालिकाको वडा नं. ५ मा साविक कौडेना गाविसको वडा नं.१,३,८,९ तथा हालको चक्रघट्टा गाउँपालिकाको वडा नं. ६ मा साविक कौडेना गाविसको वडा नं. ४-७ उल्लेख भएको तर साविक कौडेना गाविसको वडा नं. २ छुट भएकोले हालको चक्रघट्टा गाउँपालिकाको वडा नं. ५ मा साविक कौडेना गाविसको वडा नं. १-३,८,९ कायम गर्ने,

(ज) सर्लाही जिल्लाको हालको वागमती नगरपालिकामा जम्मा वडा संख्या १२ हुनु पर्नेमा १० उल्लेख गरिएकोले १२ कायम गर्ने । सो नगरपालिकाको वडा नं २ र ३ दोहोरिएकोले साविक कर्मैया गाविसको वडा नं ४-६ लाई हालको वागमती नगरपालिकाको

वडा नं ११ र साविक कर्मैया गाविसको वडा नं १-३ लाई हालको वागमती नगरपालिकाको वडा नं १२ कायम गर्ने,

(झ) सर्लाही जिल्लाको हालको ब्रम्हपुरी गाउँपालिका र हालको चन्द्रनगर गाउँपालिका दुबै गाउँपालिकाको प्रस्तावित केन्द्र साविक चन्द्रनगर गाविसको कार्यालय उल्लेख भएको हुंदा हालको ब्रम्हपुरी गाउँपालिकाको केन्द्र साविक ब्रम्हपुरी गाविसको कार्यालय कायम गर्ने र हालको चन्द्रनगर गाउँपालिकाको केन्द्र साविक चन्द्रनगर गाविसको कार्यालय कायम गर्ने,

(ञ) सर्लाही जिल्लाको हालको गोडैटा नगरपालिकाको नाममा गाउँपालिका भनी उल्लेख भएकोले "नगरपालिकाको नाम: गोडैटा नगरपालिका" कायम गर्ने,

(ट) सिराहा जिल्लाको हालको सुखिपुर नगरपालिकाको नाममा गाउँपालिका भनी उल्लेख भएकोले "नगरपालिकाको नाम: सुखिपुर नगरपालिका" कायम गर्ने । साविक सुखीपुर नगरपालिकाको वडा नं. १ र २ गाभी हालको सुखिपुर नगरपालिकाको वडा नम्वर १ कायम गरेको देखिएकोले त्यसको सट्टा साविकको सुखिपुर नगरपालिकाको वडा नं. १ लाई हालको सुखिपुर नगरपालिकाको वडा नं. १ नै कायम गरी साविकको सुखिपुर नगरपालिकाको वडा नं. २ लाई हालको सुखिपुर नगरपालिकाको वडा नं. ९ कायम गर्ने; त्यस्तै साविक सुखीपुर नगरपालिकाको वडा नं ८ र ९ गाभी हालको सुखिपुर नगरपालिकाको वडा नं. ७ कायम गरेको देखिएकोले त्यसको सट्टा साविकको सुखिपुर नगरपालिकाको वडा नं. ८ लाई हालको सुखिपुर नगरपालिकाको वडा नम्वर ७ नै कायम गर्ने र साविकको सुखिपुर नगरपालिकाको वडा नम्वर ९ लाई सुखिपुर नगरपालिकाको वडा नं. १० कायम गरी सुखिपुर नगरपालिकाको जम्मा वडा संख्या ८ को सट्टा १० कायम गर्ने,

(ठ) धनुषा जिल्लाको साविकको जनकपुर उपमहानगरपालिकाको वडा नं २६ दुई अलग अलग खण्डमा रहेकोमा सो मध्ये जमुनिया टोललाई हालको जनकपुर उपमहानगरपालिकाको वडा नं १९ मा र साविकको गोपालपुर गाविसको बाँकी भागलाई हालको क्षिरेश्वरनाथ नपा वडा नं १० मा विभाजन गरिएकोमा साविक जनकपुर उपमहानागरपालिकाको वडा नं २६ मा रहेको साविकको गोपालपुर गाविसको वडा नं १ र २ (जनसंख्या २५३) लाई हालको

जनकपुर उपमहानगरपालिकाको वडा नं १९ मा समाहित गरी साविकको गोपालपुर गाविसको वडा नं ३-९ (जनसंख्या ५८१५) लाई हालको क्षिरेश्वर नगरपालिकाको वडा नं १० मा कायम गर्ने,

(ड) धनुषा जिल्लाको साविक जनकपुर उपमहानगरपालिकाको वडा नं २५ लाई विभाजन गरी साविक वगेवा गाविसको वडा नं २,३,४ र वडा नं ८ (जनसंख्या २५६३) लाई हालको लक्ष्मिनिया गाउँपालिकाको वडा नं ६ कायम गरिएको र साविकको वगेवा गाविसको वडा नं १,५,६,७ र ९ (जनसंख्या ४५७९) लाई हालको लक्ष्मिनिया गाउँपालिकाको वडा नं ७ कायम गरिएको,

(ढ) सिन्धुली जिल्लाको हालको मरिण गाउँपालिकाको वडा नं ५ र ७ दुईवटैमा साविक महादेवस्थान गाविसको वडा नं १-३ र ९ दोहोरो उल्लेख भएकोले हालको मरिण गाउँपालिकाको वडा नं ५ मा साविक महादेवस्थान गाविसको वडा नं १-३ र ९ कायमैराख्ने, हालको मरिण गाउँपालिकाको वडा नं ७ बाट साविक महादेवस्थान गाविसको वडा नं १-३ र ९लाई हटाउने र हालको मरिण गाउँपालिकाको वडा नं ८ मा रहेको साविक महादेवस्थान गाविसको वडा नं ४-८ लाई हालको मरिण गाउपालिकाको वडा नं ७ कायम गरी हालको मरिण गाउँपालिकाको जम्मा वडा संख्या ७ कायम गर्ने,

(ण) रौतहट जिल्लाको हालको परोहा गाउँपालिकाको वडा नं ४ र ५ दुबैमा साविक बसन्तपट्टी गाविसको वडा नं ९ उल्लेख भएको र साविक बसन्तपट्टी गाविसको वडा नं ५ समावेश हुन छुट भएकोले हालको परोहा गाउँपालिकाको वडा नं ४ मा साविक बसन्तपट्टी गाविसको वडा नं १,३,४,५ कायम गरीहालको परोहा गाउँपालिकाको वडा नं ४ बाट साविक बसन्तपट्टी गाविसको वडा नं. ९ हटाउने,

(त) पर्सा जिल्लाको हालको विन्दवासिनी गाउँपालिकाको वडा नं ३ मा साविक झौवागुठी गाविसको वडा नं २-६ हुनु पर्नेमा २,६ उल्लेख भएकोले वडा नं २-६ कायम गर्ने,

(थ) पर्सा जिल्लाको हालको सखुवा प्रसौनी गाउँपालिकाको वडा नं. ५ मा समावेश भएका साविक गाविसको महलमा "महुवन, देउरबाना १" उल्लेख भएको तर "साविक वडा" को महलमा १-९ लेखिएको हुँदा साविक देउरबाना गाविसको वडा नं १ प्रष्टसँग नदेखिएकोले हालको सखुवा प्रसौनी गाउँपालिकाको वडा नं ५ मा साविक

महुवन गाविसको वडा नं १-९ र साविक देउरवाना गाविसको वडा नं १ समावेश हुने गरी कायम गर्ने,

(द) काठमाडौं जिल्लाको कागेश्वरी मनोहरा नगरपालिकाको वडा विवरणमा "वडा संख्या: १२" उल्लेख भएकोले "वडा संख्या: ९" कायम गर्ने,

(ध) नुवाकोट जिल्लाको हालको शिवपुरी गाउँपालिकाको "प्रस्तावित केन्द्र: साविक लिखु गाविस कार्यालय" उल्लेख भएकोले "प्रस्तावित केन्द्र: साविक महाकाली गाविस कार्यालय" कायम गर्ने,

(न) मनाङ जिल्लाको साविक "नार" र "फू" गाविस मिलेर बनेको "गाउँपालिकाको नाम: नार्फू" हुन गएकोले "गाउँपालिकाको नाम: नारफू" कायम गर्ने । हालको नारफू गाउँपालिकाको वडा नं ४ मा साविक फू गाविसको वडा नं १,२,४,७,८ र हालको नारफू गाउँपालिकाको वडा नं ५ मा साविक फू गाविसको वडा नं १-७ उल्लेख भै साविक फू गाविसको वडा नं १,२,४,७ हालको नारफू गाउँपालिकाको वडा नं ४ र ५ मा दोहोरो परेको र साविक फू गाविसको वडा नं ९ छुट हुन गएकोले हालको नारफू गाउँपालिकाको वडा नं ५ मा साविक फू गाविसको वडा नं ३,५,६,९ मात्र कायम गर्ने,

(प) पाल्पा जिल्लाको हालको तिनाउ गाउँपालिकाको वडा नं २ र ६ मा साविक दोभान गाविसको वडा नं ८ दोहोरो पर्न गएकोले हालको तिनाउ गाउँपालिकाको वडा नं २ बाट साविक दोभान गाविसको वडा नं. ८ झिकी हालको तिनाउ गाउँपालिकाको वडा नं २ मा साविक दोभान गाविसको वडा नं ३,६,७,९ कायम गर्ने,

(फ) नवलपरासी जिल्लाको हालको मध्यविन्दु नगरपालिकाको वडा नं. ११ मा साविक नयाँवेलहानी गाविसको वडा नं ४-७, ९ उल्लेख भएको र हालको मध्यविन्दु नगरपालिकाको वडा नं १२ मा समेत साविक नयाँवेलहानी गाविसको वडा नं १-३,५ उल्लेख भै साविक नयाँवेलहानी गाविसको वडा नं ५ दोहोरिएकोले हालको मध्यविन्दु नगरपालिकाको वडा नं. ११ मा साविक नयाँ वेलहानी गाविसको वडा नं ४, ६, ७, ९ कायम गर्ने,

(ब) नवलपरासी जिल्लाको हालको हुप्सेकोट गाउँपालिकाको वडा नं. ५ मा साविक देउराली गाविसको वडा नं ८ र साविक धौबादी गाविसको १,३-६,८,९ हुनुपर्नेमा साविक धौबादी गाविसको वडा नं १,३-६,८,९ हालको हुप्सेकोट गाउँपालिकाको वडा नं ६ मा रहेको

हुँदा साविक धौवादी गाविसको वडा नं १,३-६,८,९ लाई हालको हुप्सेकोट गाउँपालिकाको वडा नं ६ बाट झिकीहालको हुप्सेकोट गाउँपालिकाकै वडा नं ५ मा समावेश गर्ने,

(भ) रुपन्देही जिल्लाको हालको ओमसतिया गाउँपालिकाको वडा नं १ र २ मा साविक पडसरी गाविसको वडा नं ६ दोहोरो पर्न गएकोले हालको ओमसतिया गाउँपालिकाको वडा नं १ बाट साविक पडसरी गाविसको वडा नं ६ हटाई हालको ओमसतिया गाउँपालिकाको वडा नं १ मा साविक पडसरी गाविसको वडा नं ५,७,८,९ मात्र कायम गर्ने,

(म) मुस्ताङ जिल्लाको हालको घरपझोङ गाउँपालिकाको वडा नं १ मा साविक मार्फा गाविसको वडा नं ९ हुनुपर्नेमा १ भएको, हालको वडा नं २ मा साविक मार्फा गाविसको वडा नं १-४ हुनुपर्नेमा २-४ भएको र हालको वडा नं ३ मा साविक मार्फा गाविसको वडा नं ५-८ हुनुपर्नेमा ५-९ भएको हुँदा घरपझोङ गाउँपालिकाको वडा नं १ मा साविक मार्फा गाविसको वडा नं ९ कायम गर्ने, हालको घरपझोङ गाउँपालिकाको वडा नं २ मा साविक मार्फा गाविसको वडा नं १-४ कायम गर्नेर हालको घरपझोङ गाउँपालिकाको वडा नं ३ मा साविक मार्फा गाविसको वडा नं ५-८ कायम गर्ने,

(य) म्याग्दी जिल्लाको हालको वेनी नगरपालिकाको वडा नं ६ मा साविक वेनी नगरपालिकाको वडा नं ५,८ हुनुपर्नेमा ५-८ भएकोले हालको वेनी नगरपालिकाको वडा नं ६ मा साविक वेनी नगरपालिकाको वडा नं ५,८ कायम गर्ने,

(र) रोल्पा जिल्लाको साविक लिवाङ गाविस र साविक खुमेल गाविस मिलेर तत्कालीन लिवाङ नगरपालिका वनेकोमा हाल रोल्पा नगरपालिका कायम हुँदा साविकका लिवाङ र खुमेल गाविसहरुलाई वेग्लावेग्लै देखाई हालको नगरपालिकाको वडा विभाजन गरिएकोले वडा संख्यामा समेत मेल नखाएको हुँदा हालको रोल्पा नगरपालिकाको वडा नं. १ मा साविक लिवाङ नगरपालिकाका वडा नं. ३, ४ र ८ कायम गर्ने, हालको रोल्पा नगरपालिकाको वडा नं. २ मा साविक लिवाङ नगरपालिकाका वडा नं. ५ र ६ कायम गर्ने, हालको रोल्पा नगरपालिकाको वडा नं. ३ मा साविक लिवाङ नगरपालिकाका वडा नं. १ र २ कायम गर्ने र हालको रोल्पा नगरपालिकाको वडा नं. ४ मा साविक लिवाङ नगरपालिकाका वडा नं. ७ र ९ कायम गर्ने,

(ल) डोल्पा जिल्लाको हालको मुड्केचुला गाउँपालिकाको विवरण नेपाल राजपत्रमा प्रकाशन हुँदा हालको मुड्केचुला गाउँपालिकाको वडा नं १ प्रष्टसँग नदेखिएकोले हालको मुड्केचुला गाउँपालिकाको वडा नं १ मा साविक कालिका गाविसको वडा नं १,२,५ कायम गर्ने ।

आज्ञाले,
केदारबहादुर अधिकारी
नेपाल सरकारको सचिव

## भूलसुधार

खण्ड ६६ संख्या ६३ मिति २०७३।१२।१४ मा प्रकाशित श्रम तथा रोजगार मन्त्रालयको सूचनाको पृष्ठ ३१ को शीर व्यहोरामा "नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ ।

\- मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३